रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार उदयपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०८० /०८१
च.नं. :-

# मौरीपालन प्रवर्द्धन कार्यक्रममा दरखास्त पेश गर्ने सम्बन्धी सूचना ।।।

(प्रथम पटक प्रकाशित मिति : २०८०।०९।२५)

प्रस्तुत विषयमा यस रौतामाई गाउँपालिकाको आ.व.२०८०।०८१ मा प्रदेश सशर्त अनुदान कार्यक्रम अन्तर्गत मौरी पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा कम्तीमा १ (एक) घार भएका इच्छुक मौरीपालन गर्ने कृषक/कृषक समूह/सहकारीहरु बाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८०।१०।१०) मा सम्वन्धित वडा कार्यालय वा रौतामाई गाउँपालिकाको कृषि विकास शाखामा तपशिल बमोजिमका कागजातहरु सहित तोकिएको ढाँचा अनुसार दरखास्त पेश गर्नुहुन अनुरोध छ । यस कार्यक्रम अन्तर्गत मह उत्पादन सम्वन्धि आधारभुत तालिम र रानी उत्पादन तथा घार निर्माण तालिम रहने र सामग्रीको हकमा २५ प्रतिशत सम्वन्धित कृषकले व्यहोर्ने गरी यो सूचना प्रकाशन गरिएको छ । रित नपुगि र म्याद नाघि आएका प्रस्ताव माथी कुनै कारवाही हुने छैन ।

**तपशिल :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. मौरीपालन सम्वन्धि तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,
४. संलग्न निवेदनको ढाँचा भरी पेस गर्नुपर्ने ।

२०८०।०९।२८
जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

(नोटः निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय वा कृषि विकास शाखा तथा रौतामाई गाउँपालिकाको website: **www.rautamaimun.gov.np** मा उपलब्ध हुने छ ।)

"कृषि ,पर्यटन,विकास र पूर्वाधारःसमृद्ध रौतामाई निर्माणको आधार"
ईमेल: info@rautamaimun.gov.np ,rautamairm@gmail.com

CamScanner